# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्याः १४

## भाग-१

मण्डनदेउपुर नगरपालिकाको विनियोजन ऐन २०८० लाई संशोधन गर्न बनेको ऐन २०८०

*पारित मितिः २०८०।१०।१५*
*प्रमाणित मितिः २०८०।१०।२९*

**प्रस्तावनाः**

प्रस्तावनाः मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन २०८० ले प्रस्ताव गरेका केही योजना तथा कार्यक्रमको नाम, ठेगाना, स्रोत र रकम संशोधन गर्न तथा केही नयाँ योजना ताथ कार्यक्रमहरु थप गर्न आवश्यक देखिएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मण्डनदेउपुर नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोको विनियोजन ऐन २०८० लाई संशोधन गर्न बनेको ऐन २०८० " रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/८१को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**
(१)आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.९३,०३,३५,७३३अक्षेरुपी रुपैयाँ त्रियान्नब्बे करोड तीन लाख पैतिस हजार सात सय तेत्तिस मात्र विनियोजन भएकोमा आन्तरिक ऋण तर्फ रु९,३३,५०,००० अक्षेरुपी रुपैयाँ नौ करोड तेत्तिस लाख पचारहजार र मण्डन उपत्यका सामाजिक उत्थान समाजबाट प्राप्त हुने अनुमान गरिएको अन्य राजश्व रु२,००,००,००० अक्षेरपी रुपैयाँ दुई करोड प्राप्त नहुने देखिएकोले जम्मा रु११,३३,५०,००० अक्षेरुपी रुपैयाँ एघार करोड तेत्तिस लाख पचास हजार घटाई सो स्रोत अन्तरगत विनियोजन गरिएका योजना तथा कार्यक्रमहरुलाई रकम घटाई जम्मा रकम रु८१,६९,८५,७३३ अक्षेरुपी रुपैयाँ एकासी करोड उनान्सत्तरी लाख पचासी हजार सातसय तेत्तिस मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। यो ऐन प्रारम्भ भए पश्चात संघीय सरकार तथा प्रदेश सरकार एवं अन्य निकायबाट शशर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय स्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ।

**३ . विनियोजन** (१)यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) अनुसूची १ मा उल्लेख गरे बमोजिमका योजना तथा कार्यक्रम र बजेट शिर्षकहरुमा नाम तथा रकममा थपघट संशोधन तथा नयाँ कायर्क्रमहरुको निमित्त विनियोजन गरिएको छ। सो अनुसुचिमा उल्लेख गरे भन्दा बाहेकका अन्य योजना तथा कार्यक्रमहरु विनियोजन ऐन २०८० मा व्यवस्था गरे बमोजिम यथावत नै रहनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ

विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(४) उपदफा ३ मा जुन सुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूचि १

| घटाउने | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं | योजना/कार्यक्रम/आयोजाना/ क्रियाकलापको नाम | खर्च संकेत नं | स्रोत | रकम | कैफियत |
| १ | महंगी भत्ता | २११३२ | राजस्व बाँडफाँड – स्थानीय | २०,००,००० | |
| २ | नगर सुरक्षा करार सेवा शुल्क | २२४१३ | ,, | २०,००,००० | |
| ३ | सभा सञ्चालन खर्च | २२७२१ | ,, | ५,००,००० | |
| ४ | सीपाघाट हिगुवापाटी फेदी बैकल्पिक सडक | ३११५१ | समानिकरण अनुदान बागमती प्रदेश | २०,००,००० | |
| ५ | नगरकोट नाल्दुम सडक | ३११५१ | समानिकरण अनुदान नेपाल सरकार | ५,००,००० | |
| ६ | विपद व्यवस्थापनका लागि तारजाली खरिद | ३११५७ | आन्तरिक श्रोत | ५,००,००० | |
| ७ | फेदी चण्डनी छाप आँपधारी सडक | ३११५१ | समानिकरण अनुदान नेपाल सरकार | १०,००,००० | |
| ८ | इन्द्रावति नदि, चाखोला तथा आँशीखोला र थारखोला तथा ढाँडखोला नदिबाट नदिजन्य सामाग्री उत्खनन् सम्बन्धमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) | ३११३५ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | घरभाडा | २८१४२ | राजस्व बाँडफाँड - संघीय सरकार | १५,००,००० | |
| १० | सडक बोर्ड साझेदारी बजेट | ३११५१ | समानिकरण अनुदान नेपाल सरकार | १०,००,००० | |
| ११ | नगर प्रशासनिक भवन | ३१११२ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३,५०,००० | |
| १२ | विद्यार्थी सिकाइ उपलब्धि सुधार | २२५२२ | आन्तरिक श्रोत | १०,००,००० | |
| १३ | फलफूल खेती प्रवद्र्धन कार्यक्रम | २२५२२ | ,, | १०,००,००० | |
| १४ | आन्तरिक ऋण तथा अन्य राजश्व स्रोतका सबै योजना | | | ११,३३,५०,००० | |
| | | | | | |
| बढाउने | | | | | |
| क्र. सं | योजना/कार्यक्रम/आयोजाना/ क्रियाकलापको नाम | खर्च संकेत नं | स्रोत | रकम | कैफियत |
| १ | नगरपालिकाका विभिन्न विकास निर्माणका भैपरी आउने योजना चालु | २२५२२ २२५२९ | घटाइएका योजनाहरुको स्रोत | ५०,००,००० | |
| २ | आवश्यकतामा आधारित विभिन्न कार्यक्रम तथा योजनाहरु चालु | २२५२९ | ,, | २०,००,००० | |
| ३ | नगरपालिकाका विभिन्न विकास निर्माणका भैपरी आउने योजना पुँजिगत | ३११५९ | ,, | ७०,००,००० | |
| ४ | जग्गा प्राप्ती मूआव्जा | ३१४११ | ,, | ३,५०,००० | |

**आज्ञाले,**

**(मान बहादुर खड्का)**

**प्रमुख प्रशासकीय अधिकृत**